# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६१

# Overview of Weekly Media Study Vol. 61

**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com

**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ चैत्र ०८ आइतबार

## साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप- भाग ६१

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल चैत्र ०२ गतेदेखि चैत्र ०८ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– चैते दशैं किन मनाइन्छ; आध्यात्मिक यात्रा र आत्मसन्तुष्टि; चैत ५ गतेदेखि १९ सम्म कसरामा विक्रमबाबा पूजापाठ हुने; पाथीभरा मन्दिरको सुन-चाँदी पगालेर एक ढिक्का गरिने; नेवार समुदायमा मनाइने चाड पाहाँचह्रे; काठमाडौँमा सुरु भयो पाहाँ चह्रे जात्रा, तस्बिरहरू; सनातन धर्म नमान्नेहरूलाई बद्रीनाथ-केदारनाथमा प्रवेश रोक्दै मन्दिर व्यवस्थापन; जनकपुरलाई विश्व सम्पदा क्षेत्रमा समावेश गर्ने प्रक्रिया सुरु; ललितपुरको एकल घोडेजात्रा, तस्बिरमा हेर्नुहोस्; रायसिना संवाद : वैचारिक महाकुम्भ; मातृभूमिप्रतिको दायित्व; अध्ययन संस्कृतिको धरोहर; विश्व-क्यानभासमा सांस्कृतिक इन्द्रेणी; कविता : धर्म र अध्यात्म; विद्यालयमा मूर्ति स्थापना; कला प्रदर्शनीमा ४४ कलाकृति; मातृभाषामा शपथ, राष्ट्रिय गौरव; पुरातत्वले स्वीकृति नदिँदा सुविधा थप्न ढिलाइ; कैलाश घुमेर दसौँ दिनमा घर; पर्यटकीय गन्तव्य बन्दै भर्जन कालिका मन्दिर; मस्कोको पर्यटन मञ्चमा नेपाल प्रवर्द्धन; पर्यटन प्रवर्द्धनका लागि १८५ किमी साइकलयात्रा; छैटौं पटकको हिमपातले किसानलाई राहत, पर्यटक बढ्ने विश्वास; लन्डनमा बिस्का जात्राको तयारी तीव्र; प्राकृतिक उपचारको केन्द्र बन्दै म्याग्दीको सिंगा तातोपानी कुण्ड, बिरामीको चाप ह्वात्तै बढ्यो; लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– पश्चिम एसियाको बढ्दो तनावबीच भारतीय प्रधानमन्त्री मोदी र फ्रान्सका राष्ट्रपतिबीच उच्चस्तरीय संवाद; दिल्ली दर्शनका तीन आकर्षण; बालेनकी दिदी भन्छिन् म भारतमा छु, भारतसँग राम्रो सम्बन्ध रहन्छ; भारतको रणनीति : खमेनीको मृत्युमा समवेदना प्रकट गरेर खुलायो हर्मुजबाट ग्यास ल्याउने बाटो; पश्चिम एसियामा संकटबीच भारतका प्रधानमन्त्री मोदीको कूटनीतिक सक्रियता; लिपुलेक हुँदै सीमा व्यापार सुरु गर्दै भारत-चीन; 'भारत र चीनलाई सडकले जोड्न पहल गर्नेछु'; नेपालमा चीन र भारतका आफ्नै स्वार्थ छन्, तर चुनाव गराउनेमा दुवैको स्वार्थ मिल्यो; 'शान्ति कायम गर्ने जिम्मेवारी चीन र बेलायतको'; डा. भट्टराईसँग दिल्लीमा ३ दिन तथा युवा चेत र लोकतन्त्रको परीक्षा; बालेन-रविको सहकार्यमा किन शंका ?; देश, लोकतन्त्र र संविधानका लागि नयाँ जनमत उपयोग हुन सकोस् : पूर्वराष्ट्रपति डा. यादव; बुनेको सपनामा अल्झिएको प्रगति; मुलुककै उत्कृष्ट र रोलमोडल काठमाडौं प्रशासनको सेवाबारे प्रधानमन्त्रीको अवलोकन; सरकारको रोडम्याप बनाउँदै रास्वपा; नयाँ सरकारको पर्खाइमा सिंहदरबार; बालेन बाबुलाई पहिलो काम; बालेन लहरको मनोविज्ञान; नेपालको समृद्धि साझा लक्ष्य; निर्वाचन प्रहरी : सुविधाभन्दा सिकाइ बढी !; इन्धन होइन अब बिजुली; राजनीतिमा पुनर्संरचना, नेतृत्वमा पुस्तान्तरण; सुशासनबाटै जनमतको कदर; समस्या थप्ने कानुन कसले, किन र कसरी बनाउँछ ?; कम्युनिस्टहरूको पराजय : अनुदारवादी भाष्य र पुनरागमनको सम्भावना; मुटु बचाउन नियमित व्यायाम गर्नुपर्छ; आमाको 'आदर्श' !; सरकार गठन केही दिन सऱ्यो, अब १५ चैतभित्र मात्रै प्रधानमन्त्री नियुक्त; नयाँ सरकार, जनसरोकार र समसामयिक सवाल; नेपाली राजनीतिलाई युवा पुस्ताले दिएको नयाँ मोड; सांसदहरूलाई सभापति लामिछानेका निर्देशनै-निर्देशन; जनविश्वास जोगाउने अवसर; 'बालेन सरकार' को प्रतीक्षा; प्रेरक प्रसंग : साधु र 'गरिब' राजा लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक र रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौँ ।

**Date: 2082 Chaitra 08, Sunday**

# Weekly Media Study Summary– Part 61

This weekly media study report, presented by the Nepal Samwad Kendra, has been prepared after an in-depth study of news, opinions, analyses and articles published and broadcasted across major national dailies, online platforms, print and television media from March 16 to March 22, 2026 (Chaitra 02 to Chaitra 08, 2082). This report covers positive, readable and creative content published during this period.

During this period, Nepali media covered topics including; *"Why is Chaite Dashain celebrated; Spiritual journeys and self-satisfaction; Vikram Baba worship to be held in Kasara from Chaitra 5 to 19; Melting temple gold and silver at Pathibhara into a single block; Pahan Charhe, a festival celebrated in the Newar community; Pahan Charhe Jatra begins in Kathmandu; Temple management banning entry to Badrinath-Kedarnath for those who do not follow Sanatan Dharma; Process to include Janakpur in the World Heritage site list begins; Single Horse Race (Eklo Ghode Jatra) of Lalitpur; Raisina Dialogue: An intellectual gathering; Responsibility toward the motherland; Heritage of study culture; Cultural rainbow on the global canvas; Poem: Religion and Spirituality; Installing statues in schools; 44 artworks in an art exhibition; Taking oath in mother tongue as a matter of national pride; Delay in adding facilities due to lack of approval from Archaeology Department; Returning home on the tenth day after visiting Kailash; Bhajyan Kalika Temple becoming a tourist destination; Promotion of Nepal at the Moscow Tourism Forum; 185 km cycle rally for tourism promotion; Relief for farmers and hope for increased tourism after the sixth snowfall; Intense preparations for Biska Jatra in London; Singa Tatopani Kunda in Myagdi becoming a center for natural healing, sudden raise in number of patients;"* among others.

Regarding international, diplomatic, democratic and social news topics such as; "High-level dialogue between Indian PM Modi and the French President amid rising tensions in West Asia; Three attractions of Delhi Darshan; Balen’s sister says she is in India, stating good relations with India will remain; India's strategy: Opening the route to bring gas from Hormuz by expressing condolences on Khamenei's death; Diplomatic activity of Indian PM Modi amid crisis in West Asia; India-China to start border trade via Lipulekh; ‘I will take initiative to connect India and China by road’; China and India have their own interests in Nepal, but their interests aligned in conducting elections; ‘Responsibility of maintaining peace lies with China and Britain’; Three days in Delhi with Dr. Bhattarai and the test of youth consciousness and democracy; Why doubt the collaboration between Balen and Rabi?; May the new public mandate be utilized for the country, democracy and the constitution: Former President Dr. Yadav; Progress entangled in woven dreams; PM’s observation of the country’s best and role model services at Kathmandu Administration; RSP preparing the government roadmap; Singha Durbar waiting for a new government; First task for ‘Balen Babu’; Psychology of the Balen wave; Nepal’s prosperity as a shared goal; Election Police: More learning than facilities!; Electricity, not fuel now; Restructuring in politics, generational shift in leadership; Respecting public mandate through good governance; Who, why and how are laws that add problems created?; Defeat of communists: Illiberal narrative and the possibility of a comeback; Regular exercise is necessary to save the heart; Mother’s ‘Ideal’!; Government formation delayed by a few days, PM to be appointed only by March 29 (15 Chaitra); New government, public concerns and contemporary issues; New turn given to Nepali politics by the youth generation; Instructions upon instructions from Chairman Lamichhane to MPs; An opportunity to preserve public trust; Waiting for the ‘Balen Government’; Inspirational story: The Monk and the ‘Poor’ King" among others were included.

The contents included in this weekly media study report presents a clear, factual and systematic overview of national and international contemporary, relevant and strategic issues. We believe this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ चैत्र ०२ गतेदेखि चैत्र ०८ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### चैते दशैं किन मनाइन्छ

भाइबहिनी हो, तिमीहरू प्रायः सबैलाई दशैं त थाहा नै होला । बडादशैं अर्को चैत दशैं भनेर जान्द छौ । चैतमा पनि दशैं आउँछ र हामी मनाउँछौ पनि । त्यो दशैंलाई हामी चैते दशैं भन्छौं । वर्षमा दुई पटक दशैंआउँछ । अनि हामी प्रत्येक वर्ष दुई पटक नै मनाउँछौं पनि । एउटा बडादशैं र अर्को सानो अर्थात् चैते दशैं । भाइबहिनीहरू अब चैतै दशैंको सुरुवात कसरी भयो र किन मनाइन्छ भन्नेबारेमा जानकारी राखौं है त । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/60094**

स्रोत : **https://www.ratopati.com/story/551333/chaitra-shukla-paksha-today-is-the-g**

### आध्यात्मिक यात्रा र आत्मसन्तुष्टि

महाकुम्भबाट फर्किएपछि एक मित्रले भने, "महाकुम्भ मेला भरेर आयौ, के उपलब्धि भो ? के-के पायौ ?" मैले भनें "आस्थाको विषयमा फाइदा-बेफाइदा हेरिँदैन । महत्त्वपूर्ण कुरा महाकुम्भ स्नानपश्चात् महासन्तुष्टि पाइयो । ठूलो कुरा, महाकुम्भको महायात्रा सफलतापूर्ण सम्पन्न भयो । के प्राप्त भयो-भएन, त्यो लेखाजोखा गर्ने कुरा होइन र आवश्यकता पनि छैन । आस्थाको विषयलाई परीक्षण गर्न खोज्नु पनि हुँदैन ।" हुन त हाम्रो यात्रा धेरै लामो थिएन । केवल आठ दिन । तर, यात्रामा प्राप्त ज्ञान, पुण्य र अनुभव ८० वर्षको अनवरत तपस्या वा भ्रमणभन्दा कम थिएन । बाँकी...

स्रोत : **https://baahrakhari.com/detail/480878**

### चैत ५ गतेदेखि १९ सम्म कसरामा विक्रमबाबा पूजापाठ हुने

हरेक वर्ष चैतेदसैंको समयमा हुने विक्रमबाबा पूजाको चितवनमा तयारी सुरुआत गरिएको छ । यस वर्ष चैत ५ गते देखि १९ गतेसम्म पूजा गर्ने तयारी गरिएको हो । चितवन राष्ट्रिय निकुञ्जको कसरामा विक्रमबाबा पूजास्थल रहेको छ । राप्ती पुलबाट करिब दुई किलोमिटर निकुञ्जभित्र विक्रमबाबाको दर्शन तथा पूजापाठ गर्ने गरिन्छ । यो पूजा विशेषगरी थारू जातिमा प्रचलनमा रहेको छ । विक्रमबाबाको पूजा परापूर्वकालदेखि थारू जातिले गर्ने भए पनि पछिल्लो समय सबै समुदायले पूजा गर्ने गर्छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550903/vikram-baba-worship-to-be-held-in-kasara-from-chaitra-5th-to-19th**

### पाथीभरा मन्दिरको सुन-चाँदी पगालेर एक ढिक्का गरिने

इलामको रोङ गाउँपालिका ३ स्थित कुट्टिडाँडामा अवस्थित सानो पाथीभरा मन्दिरमा दाताले चढाएको भेटी वापतको सुन-चाँदी पगालेर एक ढिक्का गर्ने काम भइरहेको छ । गाउँपालिकाले मन्दिरलाई पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापन ऐन बनाएर २०७९ सालमा गाउँपालिकाको स्वामित्वमा ल्याएदेखि यता मन्दिरमा जम्मा भएको सुन-चाँदी गाउँपालिकामा सरोकारवालाको रोवहरमा पगालेर एक ढिक्का गर्ने काम भइरहेको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196587**

## ‘हुम्लाको लिमी’ भन्दै ‘राम नाम सत्य’ को गीतमा नाचे विराज र खुशी

फिल्म ‘राम नाम सत्य’मा समावेश ‘धागोले बाटेको’ बोलको गीतले युट्युबसँगै टिकटक रिल्समा चर्चित बनिरहेको छ । गीतले युट्युबमा ४० लाख भन्दा बढी भ्युज पाएको छ । उक्त गीत चलिरहेको समयमा निर्माण पक्षले आज नयाँ गीत सार्वजनिक गरेको छ। ‘हुम्लाको लिमी’ बोलको गीत ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको हो । बाँकी... स्रोत : **https://himalpress.com/2026/03/biraj-and-khushi-danced-to-the-song-ram-naam-satya-saying-humlako-limi/**

## सांसदको धर्म ‘वाच डग’ बन्नु हो, आफ्नै सरकारमाथि पनि प्रश्न उठाउनुपर्छ : स्वर्णिम वाग्ले

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा. स्वर्णिम वाग्लेले हालैको निर्वाचनमा पार्टीले प्राप्त गरेको जनमतलाई 'असाध्यै गरुङ्गो वैधता’ को संज्ञा दिँदै यसलाई जोगाएर अघि बढ्नुपर्ने बताएका छन् । मंगलबार ललितपुरमा आयोजित नवनिर्वाचित सांसदहरूको दुईदिने अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले जनताको आशा र भरोसालाई ऐतिहासिक जिम्मेवारीका रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिए।बाँकी... स्रोत : **https://hamrakura.com/news-details/209684/2026-03-17**

## काठमाडौँमा सुरु भयो पाहाँ चर्‍हे जात्रा, तस्वीरहरू

काठमाडौँ उपत्यकाको ठूलो पर्व जात्राको रूपमा लिइने पाहाँ चर्‍हे जात्रा आज बाट सुरु भएको छ। आज चर्‍हेको पहिलो दिन कंकेश्वरी मन्दिर नजिक लिङ्गो (यँसी) उठाइ जात्राको शुभारम्भ गरिएको हो। बाँकी... स्रोत : **https://www.ratopati.com/story/551056/pahan-charhe-jatra-begins-in-kathmandu-photos**

## नेवार समुदायमा मनाइने चाड पाहाँचह्रे

काठमाडौँ उपत्यका जात्रा र पर्वले धनी मानिन्छ। हरेक वर्ष घोडेजात्राको अघिल्लो दिनदेखि तीन दिनसम्म उपत्यकावासीले पाहाँचह्रे मनाउने गर्छन्। स्थानीय नेवार समुदायको यो दशैँपछिको ठूलो पर्व हो। कसैले यसलाई पासाचह्रे पनि भन्ने गर्छन् । नेवार भाषामा पाहाँको अर्थ पाहुना हो भने पासाको अर्थ साथी । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/57991**

स्रोत : **https://newsofnepal.com/2026/03/17/759132/**

## सनातन धर्म नमान्नेहरूलाई बद्रीनाथ-केदारनाथमा प्रवेश रोक्दै मन्दिर व्यवस्थापन

समुद्र सतहदेखि करिब ३ हजार मिटरभन्दा बढीको उचाइमा अवस्थित यी दुवै मन्दिरहरू चारधाम तीर्थयात्राका अभिन्न हिस्सा हुन् । बद्रीनाथ-केदारनाथ मन्दिर समितिले उत्तराखण्डमा आफ्नो प्रशासन अन्तर्गत पर्ने ४७ वटा मन्दिरहरूमा सनातन धर्म पालना नगर्ने व्यक्तिहरूको प्रवेशमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889864/temple-management-is-preventing-entry-to-badrinath-kedarnath-to-those-who-do-not-follow-sanatan-dharma**

## जनकपुरलाई विश्व सम्पदा क्षेत्रमा समावेश गर्ने प्रक्रिया सुरु

जनकपुर क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने तयारी गरेको छ। सन् २००८ मा सम्भावित विश्व सम्पदा क्षेत्रमा समावेश गरिएको थियो । त्यसको १८ वर्षपछि संरक्षित स्मारक क्षेत्रमा समावेश गर्ने प्रक्रिया सुरु भएको हो । पुरातत्व विभागले १८ वर्षदेखि लगातार विश्व सम्पदा सूचीमा राख्न प्रयास गरेको थियो । विभागमा प्रवक्ता सन्दीप खनालले विश्वसम्पदा सूचीमा समावेश गर्न प्रक्रिया सुरु गरेको जानकारी दिनुभयो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/19/759292/**

## ललितपुरको एकल घोडेजात्रा, तस्बिरमा हेर्नुहोस्

घोडेजात्राका अवसरमा ललितपुरको पाटन क्षेत्रमा परम्परागत शैलीमा 'एकल घोडेजात्रा' मनाइएको छ। बुधबार पाटन दरबार क्षेत्र (मूलचोक) देखि बालकुमारीसम्म घोडा दौडाएर स्थानीयले जात्रा मनाएका हुन् । पाटन दरबार स्क्वायरको मूलचोकबाट सुरु भएको जात्रा ओल्खु, नेउत, लोहलँ, भोल गणेश हुँदै बालकुमारीसम्म पुगेको थियो । बालकुमारीस्थित मन्दिर क्षेत्र वरपर घोडा तीनपटक परिक्रमा गराएपछि विधिपूर्वक जात्रा सम्पन्न भएको मानिन्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/551250/lalitpurs-single-horse-festival-see-in-pictures**

## रायसिना संवाद : वैचारिक महाकुम्भ

सन् २०२६ मार्च ५ देखि मार्च ७ सम्म भारतीय परराष्ट्रमन्त्रालय र अभजरभर रिर्सच फाउण्डेशनको संयुक्त तत्वावधानमा रायसिना संवाद नयाँदिल्लीमा समापन भएको छ । सन् २०१६ देखि आरम्भ भएको रायसिना संवाद ११औं शृंखलामा प्रवेश गरेको छ । वैदिक संस्कृति अनुरूप शास्त्रार्थको पेचिला र गहन मुद्दाहरूमा विर्मश गर्ने रायसिना संवादको थालनी भएको पाइन्छ । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/03/429994/**

## मातृभूमिप्रतिको दायित्व

रोजगारी, अध्ययन, व्यापारलगायत विविध कार्यका लागि नेपाली विश्वभर छरिएर बसेका छन् । जहाँ बसे पनि नेपालीका लागि मातृभूमि नेपाल प्राणभन्दा प्यारो छ। कहिल्यै पराधीन नभएर स्वतन्त्र रूपले पहिचान बनाएको यो मुलुक सुन्दर छ। हिमाल, पहाड र तराइले बनेको नेपाल विभिन्न जातजाति, धर्म, संस्कृति, परम्पराले धनी छ । प्राकृतिक स्रोतको पनि कमी छैन । अहिलेसम्म मुलुक बनाउन सक्ने कुशल व्यवस्थापकको कमीले जनअपेक्षित विकास र समृद्धि हासिल गर्न नसकिएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196635**

## मिथिलाञ्चलमा आजदेखि चैती छठ सुरु

महोत्तरीसहित नेपाल र भारतका सम्पूर्ण मिथिलाञ्चलमा आजदेखि विधिवत चैती छठ पर्व सुरु भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने चैती छठ पर्व आजदेखि तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत सम्पूर्ण मिथिलाञ्चलभरि धार्मिक विधिपूर्वक सुरु भएको हो । बाँकी... स्रोत : **https://himalpress.com/2026/03/chaiti-chhath-begins-in-mithilanchal-from-today/**

## अध्ययन संस्कृतिको धरोहर

कहिलेकाहीँ सूचना पनि नराम्रोसँग जानकारीबाट ओझेल पर्ने गर्छन् । धेरै मानिसले सामान्य मानिरहेको सूचना पनि आफूलाई अनौठो हुन पुग्छ । मैले यस्ता घटना जीवनमा धेरै भोगेको छु । कतिपय सामान्य लाग्ने कुरा पनि आफूले नजान्दा अरूले खिसी गरेका भनाइ पनि खाएको छु । यस्ता कुराले मलाई खासै असर भने पार्दैन । किनकि नजानिञ्जेल मूर्ख भइने हो, जानेपछि सामान्य भइन्छ । बानेश्वरस्थित रत्न पुस्तकालय बानेश्वर महादेवस्थान मन्दिर परिसरमा अवस्थित रहेछ, जहाँ रत्न राज्य मावि रहेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/197359**

## विश्व-क्यानभासमा सांस्कृतिक इन्द्रेणी

मानव समाजको विविधता र तिनको ऐतिहासिक निरन्तरतालाई बुझ्न विश्वका विभिन्न कुनाकाप्चामा मनाइने सांस्कृतिक परम्परा, जात्रा र पर्वहरू सबैभन्दा प्रभावकारी माध्यम हुन् । यी विषय, घटना वा सन्दर्भ केवल परम्पराको पुनरावृत्ति मात्र होइनन्, बरु समुदायको सामूहिक अवचेतन, आध्यात्मिक विश्वास र वातावरणीय अनुकूलनको एक जीवन्त अभिव्यक्ति  हुन् । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/496442/**

## कविता : धर्म र अध्यात्म

धर्म सेवा हो, प्रेम हो र सहानुभूति हो
भने अध्यात्म अनन्त आत्माको खोजी हो
धर्म धारणाको समष्टिगत ब्यबहार हो भने
अध्यात्म आत्मामा लीन हुने परम ध्यान हो । बाँकी...

स्रोत : **https://www.dcnepal.com/2026/03/746482/**

## विद्यालयमा मूर्ति स्थापना

बालुवाटारस्थित ज्वालादेवी माध्यमिक विद्यालयमा स्थापित सरस्वती र गणेश मूर्तिको प्राणप्रतिष्ठा सम्पन्न गरिएको छ । विद्यालयमा शनिबार आयोजित कार्यक्रममा प्राडा विद्यानाथ कोइराला, सुनकोशी गाउँपालिका उपाध्यक्ष कपिल कोइराला, ज्येष्ठ नागरिक अमन्तिनाथ कोइराला, विद्यालयका पूर्वप्रधानाध्यापक रामकृष्ण श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष कौशल कोइरालालगायतले विद्यालयमा स्थापित स्वर्गीय ज्वालादेवी श्रेष्ठको प्रतिमाको सामूहिक रूपमा उद्घाटन गर्नुभएको थियो ।  बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197490**

## '२७ मिटर हिउँ हरायो'

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसीमोड) ले सन् २००० पछि हिन्दुकुश हिमालय क्षेत्रमा हिउँ पग्लिने दर दोब्बर भएको जनाएको छ । त्यसैगरी, सन् १९७५ देखि हालसम्म करिब २७ मिटर बरफ हिमनदीहरूले गुमाएको ईसीमोडको अध्ययनले देखाएको छ । साना हिमनदीहरू अझै तीव्र गतिमा खुम्चिएको पनि बताएको छ । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/496419/**

## कला प्रदर्शनीमा ४४ कलाकृति

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको सहकार्य तथा नेपाल कमर्सियल आर्टिस्ट सङ्घको आयोजनामा शुक्रबार 'अक्षरमा कला प्रतियोगिता तथा प्रदर्शनी २०८२' सुरु भएको छ । कार्यक्रमका प्रमुख अतिथि कुलपति नारदमणि हार्तम्छालीले अक्षरमा कला प्रदर्शनीले कलामा भावना र भावनामा बौद्धिकतासँगै पहिचान, पहल तथा पहुँच पनि आवश्यक रहेको बताउनुभयो । उहाँले सन्देश, सूचनालाई लिएर सिर्जना गरिने यस्ता कलालाई सौन्दर्यात्मक ढङ्गबाट कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्ने धारणा राख्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/197357**

## मातृभाषामा शपथ, राष्ट्रिय गौरव

नेपालले अबको सम्भवत: एकसाताभित्र प्रधानमन्त्रीका रूपमा बालेन्द्र (बालेन) शाहलाई पाउने छ। पहिलो पटक मतदानमा सहभागी युवादेखि ज्येष्ठ नागरिकसम्म सबैका लोकप्रिय ३५ वर्षीय बालेनलाई चुनावी प्रचारमै प्रधानमन्त्रीका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अगाडि सारेको थियो । बालेनलाई रास्वपाले प्रतिनिधि सभाको संसदीय दलका नेता चुनेपछि उहाँ नेपालको प्रधानमन्त्रीमा नियुक्त हुनुहुने छ । उहाँ रास्वपाका १८२ सांसदका मात्र होइनन्, २७५ जनाकै सारथि हुनुहुन्छ। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/197363**

## पुरातत्वले स्वीकृति नदिँदा सुविधा थप्न ढिलाइ

हिन्दु तथा बौद्धमार्गीको महत्त्वपूर्ण तीर्थस्थल मुक्तिनाथ मन्दिरमा तीर्थालुको सुविधालाई लक्ष्य गरी मर्मत तथा सुविधा थप्न ढिलाइ भएको छ। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ मा अवस्थित मन्दिरमा पूर्वाधार थपका लागि मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन अनुसार पुरातत्त्व विभागमा प्रस्ताव गरिएको लामो समय बिति सक्दासमेत अनुमति नदिइएकाले काम हुन नसकेको हो। बाँकी... स्रोत : **https://www.setopress.com/article/61421**

## कैलाश घुमेर दसौँ दिनमा घर

पशुपतिनाथको दर्शनपश्चात् यात्रा मिलाइएको थियो। २०८२ जेठ २४ बिहान मानसरोवर कैलाश यात्राका लागि घरबाट निस्कियौँ- हामी अर्थात् बुढाबुढी । बिहानको मौसम भएकाले चिसो हावा, बागमतीको कलकल आवाजले मन साह्रै प्रफुल्लित थियो। यात्रा सम्झेर मनमा उत्साह बढ्दै गयो। पशुपतिनाथ क्षेत्र पार गर्दै चाबहिल, माछापोखरी हुँदै टोखा बजार पुग्दा तीर्थालु बोकेको अर्को बस आइपुग्यो । अब हामी दुई वटा बसमा करिब ४०/४५ जना जति तीर्थालु मानसरोवरका लागि अघि बढ्यौँ। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/197396**

## पर्यटकीय गन्तव्य बन्दै भर्जन कालिका मन्दिर

तनहुँको देवघाट गाउँपालिका -५ पिपलटारस्थित भर्जन कालिका मन्दिर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । पानीको मुहान संरक्षणसँग जोडिएको यस मन्दिरलाई थप आकर्षक बनाउने उद्देश्यले बृहत्तर गुरुयोजना अघि बढाइएको छ । मन्दिर संरक्षण समितिका अध्यक्ष केशवचन्द्र न्यौपानेका अनुसार आधुनिक शैलीको मुख्य मन्दिर निर्माण सम्पन्न भइसकेको छ। गुरुयोजना अनुसारका अन्य संरचना निर्माणका लागि अझ तीन करोड ७६ लाख रुपियाँ आवश्यक छ। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/197269**

## मस्कोको पर्यटन मञ्चमा नेपाल प्रवर्द्धन

नेपाल पर्यटन बोर्डले रूसको राजधानी मस्कोमा आयोजना गरेको प्रतिष्ठित पर्यटन मेला मस्को इन्टरनेसनल ट्राभल एन्ड टुरिजम् एक्जिविसन (एमआईटीटी) २०२६ मा नेपालको विविध पर्यटन सम्भावनालाई विश्वसामु प्रस्तुत गरिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1891163/nepal-promoted-at-moscow-tourism-forum**

## पर्यटन प्रवर्द्धनका लागि १८५ किमी साइकलयात्रा

स्वस्थ जीवनशैली र साइकल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले ५० जना युवाले झापाको १२ स्थानीय तहमा तीन दिवसीय साइकलयात्रा आज पूरा गरेका छन् । झापा साइकल क्लबको आयोजना र पर्यटन कार्यालय काँकडभिट्टाको सहयोगमा फागुन ३० गते प्रारम्भ भएको यात्रा आज सम्पन्न भएको हो । पर्यटन कार्यालय काँकडभिट्टाका सूचना अधिकृत निरोज कट्टेलका अनुसार 'घुमौं झापा-२०८२' अन्तर्गत नेपाल र भारतका साइकलयात्रीले १२ वटा स्थानीय तहको १८५ किलोमिटर दूरी साइकलबाट पार गरेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196737**

## मुस्ताङमा चौथो पटक हिमपात, कृषक उत्साहित

मुस्ताङमा यस वर्ष चौथो पटक हिमपात भएको छ । अत्याधिक हिमपातका कारण प्रभावित जनजीवनमा सुधार आएको उपल्लो मुस्ताङमा तापक्रम वृद्धिसँगै किसानहरू हिमपातबाट उत्साहित भएका छन् । जिल्लाका पाँचवटै गाउँपालिकामा सामान्य हिमपात भएपछि कृषि र पशुपालनमा सक्रिय किसानहरू खुसी भएका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196680**

## छैटौँपटकको हिमपातले किसानलाई राहत, पर्यटक बढ्ने विश्वास

मुस्ताङमा जारी सिजनको छैटौँपटकको हिमपातले यहाँका किसान र पशुपालक व्यवसायीलाई राहत मिलेको छ । यस वर्ष अनुकूल समयमा पटकपटक हिउँ परेकाले यहाँका किसान र पशुपालक व्यवसायीले राहतको महसुस गरेका हुन् । शुक्रबार राति माथिल्लो मुस्ताङसहित मुक्तिनाथ क्षेत्रलगायतका विभिन्न स्थानमा भारी हिमपात भएको हो । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/03/22/705656/sixth-snowfall-brings-relief-to-farmers-hopes-for-increase-in-tourist-arrivals/**

## लन्डनमा बिस्का जात्राको तयारी तीव्र

पासा पुचः गुथि यूकेले तेस्रो लन्डन बिस्का जात्राको तयारी तीव्र पारेको छ । आगामी १९ अप्रिलमा डार्टफोर्ड ओपन एयर थिएटर, सेन्ट्रल पार्कमा जात्रा हुन लागेको हो । गुथिले शनिबार साउथ इस्ट लन्डनस्थित गोर्खा क्याप्रिकन क्लबमा पत्रकार सम्मेलन गरी जात्राको तयारीबारे जानकारी गराएको थियो । लन्डनस्थित नेपाली दूतावासको सहकार्य र स्थानीय संघसंस्थाको सहयोगमा जात्रा आयोजना गरिँदैछ । पत्रकार सम्मेलनमा पासा पुचः गुथि यूकेका पूर्वअध्यक्ष तथा संरक्षक ओजेश सिंहले भक्तपुरमा हुने प्रमुख जात्रा बिस्काको इतिहासबारे जानकारी दिए । बाँकी...

स्रोत : **https://ekantipur.com/diaspora/2026/03/16/preparations-for-biscay-jatra-intensify-in-london-59-45.html**

## Paachahre festival celebrates community, culture and spiritual traditions in Kathmandu

As spring settles over the Kathmandu Valley, the city's inner courtyards and ancient streets begin to stir with a familiar rhythm. The festival of Paachahre arrives not merely as a ritual observance, but as a living expression of Newa identity where community, spirituality, and cultural memory converge in vibrant, sensory celebration. बाँकी...

स्रोत : **https://english.onlinekhabar.com/paachahre-festival-celebrates-community-culture-and-spiritual-traditions-in-kathmandu.html**

## Ghode Jatra celebrated with grandeur at Tundikhel

Ghode Jatra, the traditional Horse Racing Day, was celebrated with much fanfare across the Kathmandu Valley on Wednesday. the main ceremony was held at Tundikhel, where the Nepali Army performed a range of events, including equestrian skills, motorcycle stunts, physical drills and combat demonstrations. बाँकी... स्रोत : **https://kathmandupost.com/visual-stories/2026/03/18/ghode-jatra-marked-with-grandeur-at-tundikhel**

स्रोत : **https://english.onlinekhabar.com/ghode-jatra-festival-celebrated-across-kathmandu-valley.html**

## Snowfall recorded in mid-March, farmers happy

Mustang has witnessed snowfall for the fourth time this year. Although heavy snowfall earlier affected daily life in Upper Mustang, the recent snowfall accompanied by a slight rise in temperature has been welcomed by locals. light snowfall was recorded in all five rural municipalities of Mustang, bringing relief and excitement to farmers engaged in agriculture and livestock farming. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/77257#:~:text=The%20snowfall%20occurred%**

## पश्चिम एसियाको बढ्दो तनावबीच भारतीय प्रधानमन्त्री मोदी र फ्रान्सका राष्ट्रपतिबीच उच्चस्तरीय संवाद

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनबीच पश्चिम एसियाको विकसित परिस्थितिबारे टेलिफोन वार्ता भएको छ । वार्ताका क्रममा दुवै नेताले क्षेत्रीय तनाव बढ्दै गएको अवस्थालाई ध्यानमा राख्दै तत्काल तनाव घटाउने (डि-एस्केलेसन) र संवाद तथा कूटनीतिक प्रक्रियामा फर्किनुपर्ने आवश्यकता औंल्याएका छन् । भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत उक्त वार्ताबारे जानकारी दिँदै आफूले 'प्रिय मित्र' म्याक्रोनसँग पश्चिम एसियाको अवस्थाबारे छलफल गरेको बताएका छन् । बाँकी... स्रोत : **https://barnanmedia.com/news/detail/266816/**

## दिल्ली दर्शनका तीन आकर्षण

'दिल्ली दूर हैं'को किंवदन्ती हाम्रो जनजिब्रोमा अझ पनि जीवित छ । यो किंवदन्ती मात्र होइन, मेरो जीवनमा सत्य कथनका रूपमा साबित हुन गएको छ । दुई दशकअघि सार्क लेखक सम्मेलनमा जाने अवसर प्राप्त गरेको थिएँ । त्यसबखत म राष्ट्रिय मानव अधिकार आयोगमा सदस्य थिएँ तर सार्क लेखक परिषद्, नेपाल शाखाले म, तेजेश्वरबाबु ग्वंगः र डा. बेन्जु शर्मालाई उक्त लेखक सम्मेलनमा भाग लिनका लागि मनोनित गरेको थियो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/three-attractions-of-delhi-darshan-br-12-40.html**

## बालेनकी दिदी भन्छिन् म भारतमा छु, भारतसँग राम्रो सम्बन्ध रहन्छ

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा भावी प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) की दिदी सुजाता शाहले बालेनको प्रधानमन्त्रीत्वमा नेपाल र भारतको सम्बन्ध राम्रो हुने बताएकी छन् । चार दिनअगाडि रेकर्ड भएको बेलायती विश्व च्यानल बीबीसीको हिन्दी संस्करणमा बोल्दै भारतमै विवाह गरेकी बालेनभन्दा चार वर्ष जेठी दिदी सुजाताले नेपाल र भारतको सम्बन्ध राम्रो हुने बताइन् । बाँकी...

स्रोत : **https://shilapatra.com/detail/18092**

## भारतको राणनीति : खमेनीको मृत्युमा समवेदना प्रकट गरेर खुलायो हर्मुजबाट ग्यास ल्याउने बाटो

इरानका सर्वोच्च नेता आयातोल्लाह अलि खमेनीको मृत्युप्रति समवेदना प्रकट गरेपछि भारतलाई स्ट्रेट अफ हर्मुजबाट ग्यास ल्याउने बाटो खुलेको छ । अमेरिका र इसराइलको आक्रमणबाट इरानका सर्वोच्च नेता आयातोल्लाह अलि खमेनी मारिएपछि भारतले पाँच दिनसम्म केही प्रतिक्रिया दिएको थिएन । संयुक्त आक्रमणको सुरूआतमै फेब्रुअरी २८ मा सर्वोच्च नेता खमेनीसहित कैयौं वरिष्ठ सैन्य र राजनीतिक अधिकारीहरू मारिए । तर सो हमलाको केहि दिन अघि मात्रै इसराइल भ्रमणमा गएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले त्यसबारे केहि पनि टिप्पणी गरेन । बाँकी...

स्रोत : **https://barnanmedia.com/news/detail/266966/**

## पश्चिम एसियामा संकटबीच भारतका प्रधानमन्त्री मोदीको कुटनीतिक सक्रियता

पश्चिम एसियामा बढ्दो तनावका बीच भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पछिल्लो एक सातादेखि क्षेत्रीय नेताहरूसँग निरन्तर संवाद गर्दै कूटनीतिक सक्रियता बढाएका छन् । यसै क्रममा उनले इरानका राष्ट्रपति मसुद पेजेस्किहानसँग टेलिफोन संवाद गर्दै ईद र नवरोजको शुभकामना व्यक्त गरेका छन् । बाँकी...

स्रोत : **https://barnanmedia.com/news/detail/267137/**

## लिपुलेक हुँदै सीमा व्यापार सुरु गर्दै भारत-चीन

नेपालले आफ्नो नक्सामा समावेश गरेको लिपुलेक भञ्ज्याङ हुँदै भारत र चीनले सीमा व्यापार यस वर्षबाट पुनः सुरु गर्ने भएका छन् । भारतको प्रमुख समाचार एजेन्सी प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई)को रिपोर्टअनुसार, ६ वर्षको अन्तरालपछि उक्त भूमि हुँदै दुई छिमेकी देशले पुनः सीमा व्यापार सुरु गर्ने तयारी गरेका हुन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1895470/india-china-to-start-border-trade-through-lipulekh**

## 'भारत र चीनलाई सडकले जोड्न पहल गर्नेछु'

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य पदका निर्वाचनमा डोटीबाट नेपाली कांग्रेसका उम्मेदवार भरतबहादुर खड्का निर्वाचित हुनुभएको छ। वि.सं. २०३२ मा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिक यात्रा सुरु गर्नुभएका खड्का नेपाल विद्यार्थी सङ्घ डोटी क्याम्पस एकाइ समितिको उपसभापति हुनुभयो। पहिलो पटक २०३९ सालमा २३ वर्षको उमेरमा तत्कालीन खिरसैन गाउँपञ्चायतको प्रधानपञ्चबाट जनप्रतिनिधिको रूपमा आफूलाई उभ्याउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196785**

## 'शान्ति कायम गर्ने जिम्मेवारी चीन र बेलायतको'

चीनका विदेश मन्त्रीले बिहीबार आफ्ना बेलायती समकक्षीलाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने जिम्मेवारी चीन र बेलायतको भएको बताएका छन् । उनले मध्यपूर्वमा युद्धविरामको आह्वान गरेका छन् । बेइजिङ इरानको साझेदार हो, जसलाई गत महिनादेखि अमेरिका-इजरायली आक्रमणको निशाना बनाइएको छ, तर उसले अमेरिकी सैन्य अखडाहरू रहेका खाडी राष्ट्रहरूविरुद्ध तेहरानले गरेको आक्रमणको पनि आलोचना गर्दै आएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/551540/china-and-britain-have-the-responsibility-to-maintain-peace**

## डा. भट्टराईसँग दिल्लीमा ३ दिन

डा. भट्टराईले पूर्व राजदूत मुखर्जीलाई सोधे, 'भारतीयहरू नेपालका कम्युनिस्टहरू चीनद्वारा निर्देशित हुन्छन् भन्नुहुन्छ, तर नेपालमा भने १२ बुँदे सहमति भारतले गराइदिएको भन्ने धारणा व्याप्त छ । तपाईं भन्नुहोस्, सत्य के हो के तपाईंहरूले १२ बुँदे गराउनुभएको हो ?' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1894404/3-days-in-delhi-with-dr-bhattarai**

## India's Strategic Test in Kathmandu

In a historic political shift, the newly formed Rastriya Swatantra Party (RSP) and its prime ministerial candidate, rapper-turned-politician Balen Shah, swept the elections in Nepal and are set to form the government – dislodging the country's old political institutions. while the mandate marks a pivotal moment in Nepal's political landscape following the Gen-Z protests that rocked the country last year, it also poses a significant strategic test for India in Kathmandu. बाँकी...

स्रोत : **https://theannapurnaexpress.com/story/62918/**

## पोखराको आकाशमा फेरि देखिने भयो प्याराग्लाइडिङ

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनसँगै लामो समयदेखि अन्योलमा परेको प्याराग्लाइडिङ खेल अब पुनः सुरु हुने भएको छ। साहसिक खेल र मनोरञ्जनका लागि विश्वप्रसिद्ध पोखराको आकाशमा प्याराग्लाइडिङलाई निरन्तरता दिन नेपाल हवाई खेलकुद संस्थाले यही चैत ५ गतेदेखि ७ गतेसम्म '२१ औं नेपाल खुल्ला पुरुष तथा महिला प्याराग्लाइडिङ च्याम्पियनसिप' आयोजना गर्ने भएको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550973/paragliding-is-once-again-visible-in-the-skies-of-pokhara**

## ‘गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३’ बन्दीपुरमा हुने

तनहुँको बन्दीपुरमा गण्डकी प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट २०८३ आयोजना गरिने भएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ)गण्डकी प्रदेशको सह-आयोजनामा सो मार्ट हुन लागेको हो । बाँकी...
स्रोत : **https://khabarhub.com/2026/17/942485/**

## चार वर्षपछि पोखरामा प्याराग्लाइडिङ च्याम्पियनसिप

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका कारण बन्द रहेको प्याराग्लाइडिङ खेल चार वर्षपछि फेरि सुरु हुने भएको छ। साहसिक र मनोरञ्जनका लागि उडाइने प्याराग्लाइडिङ ०७९ पछि पोखराको आकाशमा बन्द गरिएको थियो। बन्द हुनुअघि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा प्याराग्लाइडिङ पर्थ्यो। तथ्यांकअनुसार त्यसवेला हरेक दिन १२ सयजनासम्मले प्याराग्लाइडिङको मजा लिन्थे। बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190849/2026-03-18**

## युवा चेत र लोकतन्त्रको परीक्षा

प्रविधि-सुगमता र सूचना-बाढीसँगै युवामा आलोचनात्मक चेत घट्दै गएको विरोधाभास प्रस्ट देखिन्छ । मनोरञ्जनप्रधान डिजिटल संस्कृतिले विचार निर्माणको गहिराइ सतहमा झारेका बेला समाधान मिडिया-सूचना साक्षरता, तथ्य जाँचको अभ्यास र नीतिस्तरको दीर्घकालीन लगानीमा निहित छ । मिडिया तथा सूचना साक्षरतामा काम गर्ने क्रममा र विभिन्न तहका विद्यार्थीसँग नियमित अन्तक्रिया गर्दा बारम्बार एउटै विरोधाभास उभिन्छ, जति सहरी र प्रविधि सुगम परिवेश, त्यति कमजोर आलोचनात्मक चेत । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196777**

## बालेन-रविको सहकार्यमा किन शंका ?

अहिले बालेन र रविबीच शक्ति सङ्घर्ष हुने वा इगो टकराउने भन्दै अनावश्यक शङ्काको खेती गरिँदैछ। अस्थिरताबाट लाभ लिने पुराना गिरोहहरू चाहन्छन् कि यी दुईबीच खटपट होस् । तर, देश बनाउने हो भने उनीहरूबीच भूमिकाको स्पष्ट बाँडफाँड हुन जरुरी छ । नेपाली राजनीतिको रङ्गमञ्चमा अहिले एउटा यस्तो दृश्य मञ्चन भइरहेको छ, जसको परिकल्पना आजभन्दा पाँच वर्षअघिसम्म सायदै कसैले गरेको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1891446/why-is-there-doubt-about-balen-ravis-collaboration**

## देश, लोकतन्त्र र संविधानका लागि नयाँ जनमत उपयोग हुन सकोस् : पूर्वराष्ट्रपति डा यादव

पूर्वराष्ट्रपति डा रामवरण यादवले हालैको प्रतिनिधिसभा सदस्य  निर्वाचनबाट प्राप्त दुई तिहाइ नजिकको जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र सङ्घीयता जोगाउँदै देश बनाउने काममा उपयोग गर्न सक्नुपर्ने बताउनुभएको छ। नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित ‘सङ्कल्पन’ पुस्तकको आज यहाँ लोकार्पण गर्दै उहाँले जेनजी युवाहरूको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबैले स्वीकार गर्नुपर्ने र रास्वपाले त्यसलाई देश बनाउन सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196857**

## ‘२३ र २४ भदौको आक्रमण निजी क्षेत्रले भुलेको छैन’

अब राज्यको दायित्व भनेको सबैका लागि समान अवसर तयार गरिदिनु हो । राज्यले कसैलाई विशेष संरक्षण दिने र अरूलाई पाखा लगाउने काम बन्द हुनुपर्छ। नयाँ सरकारले सुशासन र नीतिगत स्पष्टता ल्याउन सक्यो भने निजी क्षेत्रले देशको अर्थतन्त्रलाई नयाँ उचाइमा लैजान सक्छ । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले नेपालमा सत्तापलट भयो र नयाँ निर्वाचन पनि भइसकेको छ । निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई करिब दुई तिहाइ बहुमत दिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889930/the-private-sector-has-not-forgotten-the-attacks-of-23-and-24-bhadra**

## प्राकृतिक उपचारको केन्द्र बन्दै म्याग्दीको सिंगा तातोपानी कुण्ड, बिरामीको चाप ह्वात्तै बढ्यो

म्याग्दीको बेनी नगरपालिकास्थित सिंगा तातोपानी कुण्ड पछिल्लो समय प्राकृतिक चिकित्साको भरपर्दो गन्तव्य बनेको छ । विरेनुनको गन्ध आउने र ५० डिग्री सेल्सियस तापक्रमको प्राकृतिक तातोपानीमा शरीर डुबाएर उपचार गराउन अहिले देशका ७७ वटै जिल्ला र विदेशबाट समेत बिरामीहरूको ओइरो लागेको छ । अस्पतालको औषधि र लामो समयको उपचारबाट निको नभएका ग्यास्ट्रिक, बाथ, छाला सम्बन्धी समस्या, ढाड दुख्ने र पुराना चोटपटक निको हुने जनविश्वासका कारण यहाँ आउनेहरूको संख्या वार्षिक २० हजार नाघिसकेको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550698/myagdis-singa-hot-spring-becomes-a-center-for-natural-healing-patient-flow-increases-sharply**

## बुनेको सपनामा अल्झिएको प्रगति

नेपालको राजनीतिक इतिहास परिवर्तनको एउटा अविरल यात्रा हो, जहाँ बुनेका सपना र उनेका प्रयासले कहिल्यै नमेटिने गाथा लेखिएका छन्। विगत दुई शताब्दीको यात्रामा हामीले राणा शासनको उत्पीडनदेखि बहुदलीय प्रजातन्त्रको स्थापना, राजतन्त्रको पतन र गणतन्त्रको आगमनसम्मका ऐतिहासिक क्षणहरू देखेका छौँ तर यति ठुला परिवर्तनका बाबजुद पनि प्रगति किन अल्झिएको छ ? जनताको आँखामा परिवर्तनको आशा किन अझै अधुरो छ ? बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196339**

## काठमाडौंमा वसन्तको बैजनी जादू

वसन्त ऋतुको आगमनसँगै काठमाडौं उपत्यकाको स्वरूपमा एक अनौठो परिवर्तन देखापर्न थाल्छ । जाडाको कठ्याङ्गिने चिसो क्रमशः ओझेल पर्दै जान्छ, हिमालबाट झरेको उज्यालो घामले उपत्यकालाई हल्का न्यानोपनले भरिदिन्छ, र त्यही समय सहरका सडकछेउ उभिएका अग्ला रुखहरूमा अचानक बैजनी-निलो फूलहरूको वर्षा सुरु हुन्छ। एकाएक लाग्छ, मानौँ सहरको आकाशले आफ्नै रङ जमिनमा छरिदिएको हो कि । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/16/758923/**

## इलामका बगानमा चिया टिप्ने चटारो

इलामका चिया बगानमा यस वर्षको पहिलो टिपाइ सुरु भएको छ । 'फस्ट फ्लस' भनेर चिनिने यो टिपाइलाई उच्च गुणस्तरको चिया उत्पादनका लागि महत्वपूर्ण मानिन्छ । फागुनको अन्तिम सातादेखि उत्पादन सुरु भएको चियाले उद्योगी र किसानलाई वार्षिक आम्दानीको मुख्य आधार दिने गरेको चिया व्यवसायी जीवन पाण्डेले बताए। चियाको पहिलो टिपाइलाई विशेष सावधानीका साथ संकलन गरिन्छ । बाँकी... स्रोत : **https://khabarhub.com/2026/14/941047/**

## 'माउन्टेन लजेज' सन् २०२६ का लागि विश्वकै उत्कृष्ट गन्तव्यमा सूचीकृत

माउन्टेन लजेज अफ नेपाल-मनाङ टाइम म्यागेजिनको विश्वका उत्कृष्ट स्थान २०२६ मा सूचिकृत भएको छ । यो सूचीमा विश्वभरका भ्रमण गर्न र बस्नयोग्य १ सय उत्कृष्ट तथा असाधारण गन्तब्य समेट्ने गरिन्छ । शेर्पा हस्पिटालिटी ग्रुपद्वारा व्यवस्थापन गरिएको यो लजले उत्तरी अन्नपूर्ण क्षेत्रमा यात्रा गर्ने यात्रुलाई उत्कृष्ट सेवा दिँदै आएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1891794/mountain-lodges-named-among-worlds-best-destinations-for-2026**

## मुलुककै उत्कृष्ट र रोलमोडल काठमाडौं प्रशासनको सेवाबारे प्रधानमन्त्रीको अवलोकन

प्रधानमन्त्री सुशीला कार्कीले सोमवार मुलुककै उत्कृष्ट र रोलमोडल प्रशासन कार्यालयका रूपमा रहेको जिल्ला प्रशासन कार्यालय काठमाडौंको निरीक्षण गरी सेवा प्रवाहको अवस्थाबारे जानकारी लिनुभएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा आक्रमणमा परी खरानी बनेको जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई अहिले देशकै उत्कृष्ट र नमुना कार्यालयका रूपमा स्थापित गराउन सफल हुनुभएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/17/759011/**

## सरकारको रोडम्याप बनाउँदै रास्वपा

प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुईतिहाइ जनादेश हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका शीर्ष नेताहरूले भावी सरकारको 'मोडालिटी'बारे औपचारिक तथा अनौपचारिक परामर्श सुरु गरेका छन् । सरकार गठनको संरचना, मन्त्रिपरिषद्को आकार, नीतिगत प्राथमिकता र कार्यशैलीलाई कसरी प्रभावकारी तथा परिणाममुखी बनाउने भन्ने विषयमा नेताहरूबिच आन्तरिक छलफल तीव्र पारिएको छ। निर्वाचन आयोगले ५ चैतसम्म राष्ट्रपतिसमक्ष निर्वाचन परिणामसम्बन्धी प्रतिवेदन बुझाएपछि मात्र सरकार गठनको औपचारिक प्रक्रिया अघि बढ्नेछ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190776/2026-03-17**

## नयाँ सरकारको पर्खाइमा सिंहदरबार

२१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट देशले ताजा जनादेश पाएसँगै प्रशासनिक केन्द्र सिंहदरबार नयाँ सरकारको पर्खाइमा छ। प्रतिनिधिसभाको २७५ मध्ये दुईतिहाइका लागि दुई सिट मात्रै कम अर्थात् १८२ सिट जितेको रास्वपाको एकल सरकार बन्दै छ। रास्वपाले काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर एवं पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई संसदीय दलको नेता बनाउन विधान संशोधन गर्ने निर्णय गरिसकेको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190777/2026-03-17**

## बालेन बाबुलाई पहिलो काम

(राजधानी) महानगरको झण्डै चार वर्ष कार्यकारी भूमिका निर्वाह गरेर आएको नाताले बालेन्द्र (बालेन) शाहलाई नेपालको पछिल्लो खत्तम हालत (स्वाभिमान सार्वभौमिकता बन्धक) र त्यसको जिम्मेदार कारणबारे राम्रै जानकारी हुनुपर्छ। हालतको कुरो गर्दा नेपालको जनसंख्या तीन करोड पुग्न अझै एक दुई लाख बाँकी छ। यस जनसंख्याका ८० लाख बलिया पाखुरी रेमिटेन्स (दलिय नेतृत्वका मोजमस्ती)का लागि खाडी मुलुक लखेटिएका छन्। बाँकी...

स्रोत : **https://www.aarthikdainik.com/view/213247/**

## बालेन लहरको मनोविज्ञान

हालै सम्पन्न चुनावमा २०७९ सालमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकको अनुमानभन्दा फरक नतिजा ल्याएको छ। १८२ सिट अर्थात् झन्डै दुई तिहाइ सिटको जितपश्चात् रास्वपाले हासिल गरेको सफलतालाई चुनावी लहर विशेष गरेर बालेन्द्र (बालेन) शाहको पक्षमा आएको लहर भनेर विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सञ्चार जगत् र विश्लेषकहरूले पनि स्वीकारेका छन्। हुन पनि यो चुनावको नतिजा नेपालका पुराना भनिएका दललाई शुभ सङ्केत होइन भने रास्वपाका लागि भविष्यको अत्यन्त रोमाञ्चक सम्भावना हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196779**

## नेपालको समृद्धि साझा लक्ष्य

प्रधानमन्त्री सुशीला कार्कीले परिवर्तनको नयाँ चरणमा प्रवेश गरेको नेपाल नयाँ राजनीतिक परिवेशअनकूल मुलुकलाई स्थायित्व, विकास र समृद्धितर्फ अघि बढाउने आशा जागृत भएको बताउनु भएको छ। गैरआवासीय नेपाली सङ्घको १२ औँ महाधिवेशन तथा विश्व सम्मेलन समापन समारोहलाई सोमबार सम्बोधन गर्दै उहाँले यसअनुरूप लगानी र सहकार्यका विभिन्न अवसरमा सक्रिय सहभागिताका लागि गैरआवासीय नेपालीलाई आह्वान गर्नुभएको छ। एनआरएनएको योगदानले देशको दिगो विकास, पर्यावरणीय संरक्षण र आर्थिक समृद्धिलाई सुदृढ बनाउने उहाँको भनाइ छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196752***

## निर्वाचन प्रहरी : सुविधाभन्दा सिकाइ बढी !

रुपन्देहीको तिलोत्तमा-१ का ४७ वर्षीय प्रेमप्रसाद पौडेल निर्वाचन प्रहरीको ४० दिने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरी घर फर्किनुभयो। पौडेलका लागि नेपाल प्रहरीको अस्थायी छोटो जागिर केवल रोजगारी मात्र नभई अनुभव, सिकाइ र जीवनमा नयाँ ऊर्जा थप्ने अवसर बन्यो। हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनको सुरक्षा व्यवस्थापनका लागि भर्ना गरिएका निर्वाचन प्रहरीमध्ये पौडेलले पाको उमेरमा राष्ट्रसेवा गर्ने दृढइच्छा र आत्मविश्वासले निर्वाचन प्रहरीसम्म पुऱ्यायो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196750**

## सुशासनबाटै जनमतको कदर

जेनजी विद्रोहले परम्परागत राजनीतिक संरचना र नेतृत्वमा गरेको बलशाली हस्तक्षेपपछि आमनिर्वाचनमार्फत देशले नयाँ गन्तव्य तय गरेको छ । राजनीतिक स्थायित्वको सन्देशसँगै नयाँ सरकारबाट आमनागरिकले सेवा प्रवाहमा तत्कालै उल्लेख्य सुधार, पारदर्शिता, सुशासन खोजेका छन् । संरचनागत सुधार र लोकतन्त्रको सुदृढीकरणबाट मात्रै यी जनअपेक्षा पूरा हुन सक्छन्। भ्रष्टाचार नियन्त्रण, सार्वजनिक जवाफदेहिता र सुशासनको प्रवर्धनबिना लोकतन्त्र मजबुत हुँदैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196778**

## इन्धन होइन अब बिजुली

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि इरानले हर्मुज (डमरु) को जलमार्ग बन्द गरेको छ। यो जलमार्गले साउदी अरेबिया, इरान, इराक र संयुक्त अरब इमिरेट्स जस्ता प्रमुख तेल उत्पादक देशलाई ओमानको खाडी र अरब सागरसँग जोड्छ । यही मार्गबाट विश्वको करिब २० प्रतिशत कच्चा तेल आपूर्ति हुने गर्थ्यो । उक्त जलमार्ग बन्द भएपछि विश्वव्यापी तेल बजार प्रभावित भइरहेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196774**

## राजनीतिमा पुनर्संरचना, नेतृत्वमा पुस्तान्तरण

नेतृत्व पुस्तान्तरणको अभावले युवामा राजनीतिप्रतिको मोहभंग बढाएको छ । युवा पुस्ता राजनीतिलाई परिवर्तनको माध्यम होइन, व्यर्थको झगडाको खेल मान्न थालेका छन्। नेतृत्व पुस्तान्तरण केवल दलको आन्तरिक प्रश्न होइन, यो मुलुकको समग्र भविष्यसँग जोडिएको विषय हो । विडम्बना नै मान्नुपर्छ- पञ्चायती व्यवस्था होस् वा बहुदलीय; सत्ताको नजिक रहेका नेताहरू अझै पनि सत्ताकै नजिक छन् । व्यवस्था परिवर्तन भए पनि उनीहरू सत्ताबाट धेरै पर पुगेका छैनन्।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2025/11/1810740/restructuring-in-politics-generational-transition-in-leadership**

## अल्पकालीन भिक्षुको प्रवज्या

बुद्ध जन्मस्थल लुम्बिनीमा पाँच सय जनालाई श्रामणेर (अल्पकालीन भिक्षु) का रूपमा प्रवज्या दिइएको छ। मायादेवी मन्दिरपरिसरमा सोमबार आयोजित कार्यक्रममा बौद्ध धर्मगुरुहरूले पहेँलो चीवर प्रदान गर्दै उनीहरूलाई श्रामणेर प्रवज्यामा सहभागी गराएका हुन्। अखिल नेपाल भिक्षु महासङ्घ, थाई भिक्षु महासङ्घको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा भएको प्रवज्या कायक्रममा नेपाल भिक्षु महासङ्घका अध्यक्ष महास्थवीर धम्म शोभन र थाई धम्मदूत फ्रा ब्रह्मवजिरपोथिवोंगलगायत बौद्ध धर्मगुरुले अल्पकालीन भिक्षुलाई चीवर प्रदान गर्नुभएको थियो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196790**

## सुशासनबाटै जनमतको कदर

जेनजी विद्रोहले परम्परागत राजनीतिक संरचना र नेतृत्वमा गरेको बलशाली हस्तक्षेपपछि आमनिर्वाचनमार्फत देशले नयाँ गन्तव्य तय गरेको छ । राजनीतिक स्थायित्वको सन्देशसँगै नयाँ सरकारबाट आमनागरिकले सेवा प्रवाहमा तत्कालै उल्लेख्य सुधार, पारदर्शिता, सुशासन खोजेका छन् । संरचनागत सुधार र लोकतन्त्रको सुदृढीकरणबाट मात्रै यी जनअपेक्षा पूरा हुन सक्छन्। भ्रष्टाचार नियन्त्रण, सार्वजनिक जवाफदेहिता र सुशासनको प्रवर्धनबिना लोकतन्त्र मजबुत हुँदैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196778**

## समस्या थप्ने कानून कसले, किन र कसरी बनाउँछ ?

सत्तरीको दशकमा संविधान बन्नु र राज्य पुनर्संरचना हुनु आफैंमा ऐतिहासिक उपलब्धि थियो, तर त्यसपछि आवश्यक पर्ने कानूनी सुधारको लामो यात्रा शुरु नै हुन सकेन । २०७२ सालको संविधान र त्यसपश्चात् आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले घरबहाल करको विषयमा एउटा गम्भीर कानूनी अन्योल सिर्जना गर्‍यो । संविधानले घरबहालको अधिकार स्थानीय तहलाई दियो भने ऐनले पालिका क्षेत्रभित्र भवन, पसल, गोदाम, कारखाना, जग्गा वा पोखरी समेत बहालमा दिएकोमा बहाल कर लाग्ने व्यवस्था गर्‍यो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1893025/who-why-and-how-does-one-make-laws-that-add-to-problems**

## एक सिपाहीको आँखाबाट नयाँ जनादेश र वाचापत्रका अपेक्षा

'दुई ढुङ्गाबीचको तरुल' भन्ने उपमा केवल साहित्यिक अभिव्यक्ति होइन, नेपालको रणनीतिक अवस्थाको संकेत हो । यस्तो अवस्थामा राष्ट्रको हित सुरक्षित गर्दै विकास र समृद्धिको बाटो खोज्नु बुद्धिमत्ता र सन्तुलन दुवैको परीक्षा हो । नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्दा एउटा गम्भीर प्रश्न उठ्छ, के नेपाली नागरिकले राज्यबाट अपेक्षित सुशासन, अवसर र समृद्धिको अनुभूति वास्तवमै गर्न पाए ? बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1892399/expectations-for-a-new-mandate-and-pledge-through-the-eyes-of-a-soldier**

## कम्युनिस्टहरूको पराजय : अनुदारवादी भाष्य र पुनरागमनको सम्भावना

जनताले कम्युनिस्टहरूलाई २०७४ मा जुन मौका दिएका थिए त्यसलाई सम्हाल्न नसकेपछि पिठ्युँ फर्काए । यसपालि पार्टी सदस्य भन्दा समानुपातिक मत कम आएका ठाउँ पनि देखिए । २०६३ को अन्तरिम संसद् बनेयता २०८२ भदौसम्म नेपालको संसद्को शक्ति विन्यासले कम्युनिस्ट पार्टीको सहभागिता विना सरकार बन्न दिँदैनथ्यो । २०१९ देखि २०३९ सम्मका पञ्चायती चुनाव बाहेक २००७ सालयता भएका स्थानीय तथा केन्द्रीय तहका सबै निर्वाचनमा सहभागी हुँदै आएका कम्युनिस्टहरूले २०४८ देखि नै संसद्मा महत्वपूर्ण शक्तिको रूपमा रहेका उपस्थिति जनाएका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1891463/the-defeat-of-the-communists-liberal-commentary-and-the-possibility-of-a-comeback**

## ट्रेडमार्क विवाद : नेपाली उद्योगविरुद्धको उजुरीमा सरकारले दियो ७ दिने अल्टिमेटम

विश्वविख्यात बहुराष्ट्रिय कम्पनीहरूले आफ्ना ट्रेडमार्क (ब्रान्ड) सँग नाम र लोगो जुधाएको भन्दै नेपाली उद्योगहरूविरुद्ध दिएको उजुरीउपर उद्योग विभागले सक्रियता बढाएको छ । विभागले आइतबार एक सार्वजनिक सूचना जारी गर्दै उजुरी परेका ११ वटा नेपाली उद्योगहरूलाई सात दिनभित्र लिखित जवाफसहित उपस्थित हुन अन्तिम अल्टिमेटम दिएको हो । विभागले यसअघि नै सम्बन्धित उद्योगहरूको ठेगानामा लिखित प्रतिक्रिया माग गर्दै पत्र पठाए पनि हालसम्म कुनै जवाफ नआएको र म्याद तामेली प्रतिवेदन समेत प्राप्त नभएकाले सार्वजनिक सूचना जारी गर्नुपरेको जनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/551124/trademark-dispute-government-gives-7-day-ultimatum-to-file-complaint-against-nepali-industry**

## नारायणी नदीको कटान रोक्न सुस्तामा तटबन्ध निर्माण

नारायणी नदीको कटान रोक्न नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गजेन्द्र मोक्षधाम तथा सुस्ता क्षेत्रमा तटबन्ध निर्माण सुरु गरिएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय भरतपुरका प्रमुख डा नारायण सुवेदीका अनुसार करिब रु १७ करोड लागतमा तटबन्ध निर्माण सुरु गरिएको हो । फागुनको अन्तिम साताबाट सुरु भएको सो तटबन्ध निर्माणको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले सोमबार स्थलगत अनुगमन गरिन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550944/construction-of-embankment-in-susta-to-prevent-erosion-of-narayani-river/**

## मुटु बचाउन नियमित व्यायाम गर्नुपर्छ

पछिल्लो समय नेपालमा मुटुरोग बढ्दो छ । मुटुरोग नसर्ने रोग हो । नेपालमा हृदयाघात भएर मानिसको मृत्यु भइरहेको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा गरेको अनुसन्धानले नेपालमा कुल जनसङ्ख्याको ३० प्रतिशतलाई कुनै न कुनै किसिमको मुटुरोग लागेको तथ्याङ्क सार्वजनिक गरेको थियो । यही विषयमा केन्द्रित रहेर वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अनिल भट्टराईसँग गोरखापत्रका लागि सरोज ढुङ्गेलले गरेको कुराकानी : बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196479**

## आमाको 'आदर्श' !

भावी प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नै आमा सम्बोधन गर्ने प्रधानमन्त्री सुशीला कार्कीले जाँदाजाँदै छोराको आदर्शमाथि नै कुठाराघात गर्नुभएको छ । मुलुकमा व्याप्त विकृति अन्त्य गर्दै सुशासन कायम गर्ने महत्वपूर्ण नाराले उदाएको रास्वपाले २१ फागुनको निर्वाचनमा झण्डै दुई तिहाइ नजिकको परिणाम ल्यायो । सोहीअनुसार अब रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) मुलुकको आशालाग्दो प्रधानमन्त्रीका रूपमा शासन सत्ता सञ्चालन गर्दै हुनुहुन्छ तर बालेनले आमा भन्दै सम्बोधन र सम्मान गर्ने हालकी प्रधानमन्त्री सुशीला कार्कीले भने जाँदाजाँदै आफ्नै स्वकीय सचिव आदर्श श्रेष्ठलाई परम्पराविपरीत राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्त गरेपछि राजनीतिक र प्रशासनिक वृत्तमा उहाँमाथि गम्भीर प्रश्न उठेको हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/16/758872/**

## सरकार गठन केही दिन सर्‍यो, अब १५ चैतभित्र मात्रै प्रधानमन्त्री नियुक्त

निर्वाचन आयोगले अन्तिम परिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि सांसदहरूको शपथपूर्व पनि सरकार गठन हुन सक्ने भए पनि रास्वपाले पहिला संसद् सदस्यको शपथ लिएपछि मात्रै सरकार गठन प्रक्रिया अगाडि बढाउने योजना बनाएको छ । पूर्ववत् अभ्यास र परम्परा तोड्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसपटक सांसदको शपथपछि मात्रै सरकार निर्माण गर्ने तयारी गरेको छ । शपथपछि मात्रै सरकार बनाउने रास्वपाको योजनापछि नयाँ सरकार गठन केही दिन पछाडि धकेलिएको छ । बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190843/2026-03-18**

## नयाँ सरकार, जनसरोकार र समसामयिक सवाल

२१ फागुनअघिसम्म दलका नेता, राजनीतिक विश्लेषक, विज्ञ, राजनीतिशास्त्री, प्रशासनविद्, पत्रकारलगायतले नेपालको संविधानमा भएको राजनीतिक दलसम्बन्धी व्यवस्था र हाम्रो निर्वाचन प्रणालीले कुनै एक दलले बहुमत ल्याउन असम्भव भनेका थिए। तर, यो निर्वाचनले त्यो भाष्य खारेज गरिदियो। यही निर्वाचन प्रणालीबाटै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले लगभग दुईतिहाइ बहुमत पाएको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191117/2026-03-22**

## गाउँको गन्ध

अहिले टाढा बसेर गाउँ सम्झँदै छु । गाउँ भौगोलिक नक्साभन्दा पनि मनको भूगोलमा फैलिएको छ । त्यही गाउँमा हजुरबुबा-हजुरआमाहरूको जीवन बितेको थियो, अहिले बुबाआमाहरूको जीवन अगाडि बढ्दै छ- प्रकृति, समय र आत्मासँग सन्तुलित उहाँहरूको जीवन । आज म त्यो जीवन सम्झन्छु, अनि मेरो वर्तमान जीवनसँग तुलना गर्छु । मनमा एउटा गहिरो प्रश्न उठ्छ- समयको पदचापसँगै हामीले कति प्रगति गर्‍यौं र केके अमूल्य कुरा गुमाया । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/the-smell-of-the-village-br-63-85.html**

## नैनीतालका नेपाली मजदुर भन्छन्, 'नयाँ सरकारबाट स्वेदशमै रोजगारीको आशा राखेका छौं'

दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ५२ वर्षीय भवानीप्रसाद रेग्मी बुधबार भारतको उत्तराखण्ड राज्यको पर्यटकीय नगरी नैनीतालमा भारी बोक्दै गरेको अवस्थामा भेटिए । तीन दशकदेखि नैनीतालमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका रेग्मीले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट बन्ने सरकारले मजदुर वर्गको उत्थान गर्ला कि भन्ने अपेक्षा गरेका छन् । 'हुनेखानेका लागि नैनीताल पर्यटकीय गन्तव्य हो, यहाँ गर्मी छल्न धेरै ठाउँका मानिस आउने गर्छन्,' रेग्मीले सुनाए, 'हामी जस्ता गरिबको गुजारा गर्ने ठाउँ पनि नैनीताल नै हो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/nepali-workers-in-nainital-say-we-are-hoping-for-employment-in-our-own-country-from-the-new-government-79-93.html**

## पश्चिम एसिया तनावको असर

अमेरिका-इजरायल र इरानबिच तनावको असर नेपालीमाथि पनि पर्न थालेको छ । इरानी फौजले एक नेपालीलाई नियन्त्रणमा लिएको छ भने लेबनानमा नेपाली सेनाको ब्यारेकमा आक्रमण भएको छ । अमेरिका-इजरायल र इरानबिचको द्वन्द्व चर्कँदै जाँदा पश्चिम एसिया प्रभावित भएको छ । खाडी मुलुकमा कार्यरत नेपाली पनि त्यसको मारमा परेका छन् । इरानी सुरक्षा फौजले धनुषाका अमृत झालाई नियन्त्रणमा लिएको हो । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/the-impact-of-tensions-in-west-asia-55-23.html**

## उज्यालो नेपाल पार्टीद्वारा प्रधानमन्त्री कार्कीलाई धन्यवाद

उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा मुलुक कठिन अवस्थाबाट सुरक्षित अवतरण सम्भव भएको भन्दै बधाई ज्ञापन गरेको छ । पार्टीका अध्यक्ष कुलमान घिसिङ नेतृत्वको प्रतिनिधिमण्डलले शनिबार बालुवाटारमा भेट गरी प्रधानमन्त्री कार्कीको निष्ठा र प्रतिबद्धताका कारण नै शान्तिपूर्ण निर्वाचन सम्भव रहेको भन्दै बधाई ज्ञापन गरेको हो । चुनाव हुनेमा धेरैतिरबाट आशङ्का व्यक्त भइरहेका बेला सबैलाई विश्वासमा लिएर देशैभर एकैपटक स्वच्छ र धाँधलीरहित तरिकाले निर्वाचन सम्पन्न गराउनसक्नु चानचुने सफलता नभएको उल्लेख गर्दै प्रतिनिधिमण्डलले सरकारको प्रशंसा गरेको थियो ।' बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/21/ujjaya-nepal-party-thanks-prime-minister-karki-39-09.html**

## London talks between Gurkhas and UK discuss veterans' demands

A fresh round of tripartite talks between the governments of Nepal and Britain, and Gurkha veterans was held in London on Monday. the meeting was inconclusive but the British side assured that they will come up with some kind of proposal in the next 15 days, according to the Gurkha veterans. बाँकी...

स्रोत : **https://kathmandupost.com/national/2026/03/18/london-talks-between-gurkhas-and-uk-discuss-veterans-demands**

## अनिष्ट पन्छ्याउन घोडादौड

हरेक वर्ष चैत्र कृष्ण औंसीमा घोडेजात्रा मनाइन्छ । यसपालि ४ घडी २३ पला उप्रान्त आज बुधबार परेको छ । यस दिनलाई अश्वकला प्रदर्शन, घोडादौड प्रतियोगिताका रूपमा लिइन्छ । नेपाली सेनाले काठमाडौँको टुँडिखेलमा मनाउने यो एक किसिमको राष्ट्रिय उत्सव नै हो । राष्ट्र प्रमुख, सरकार प्रमुखलगायत धेरैको उपस्थितिमा हुने यो जात्रा हेर्न टाढा टाढाबाट समेत दर्शकको ठुलै उपस्थिति हुने गरेको छ । घोडेजात्रा विशेष र मौलिक पर्व हो । यस्तो उत्सव विश्वका अन्य मुलुकमा पाइँदैन । यो हाम्रो परम्परागत संस्कृति अनौठो छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196922**

## बालेनको ध्यान टिम निर्माणमा, सरकार गठन प्रक्रिया चैत ५ पछि

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नयाँ सरकार गठनको औपचारिक प्रक्रिया चैत ५ गतेपछि मात्र सुरु गर्ने भएको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत प्राप्त गरेपछि एकल सरकार गठनको आन्तरिक गृहकार्यमा पार्टीका शीर्ष नेताहरू लागिरहेका छन् । यद्यपि समानुपातिक सांसदहरूले प्रमाणपत्र लिन बाँकी नै रहेकाले औपचारिक रूपमा सरकार गठनको गृहकार्यमा लाग्न नमिलेको रास्वपाका नेताहरूको भनाइ छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/551024/balens-focus-on-team-building-government-formation-process-after-chaitra-5**

## राजनीतिमा संस्कार विनिर्माण

राजनीतिक संस्कार राजनीतिक प्रणालीप्रति रहने आमनागरिकको अभिरुचि, विश्वास तथा भावनाको समूह हो । राजनीतिक संस्कारले राजनीतिक प्रवृत्तिमा के भइरहेको छ, जस्ता गतिविधिको अध्ययनभन्दा बढी जनताले त्यस्ता गतिविधि वा घटनाप्रति के सोच्छन् भन्ने कुराको अध्ययन गर्छ । राजनीतिक संस्कार व्यक्तिको राजनीतिक व्यवस्था र राजनीतिप्रतिको मनोवृत्ति र उन्मुखीकरण हो। संस्कारको सम्बन्ध मानव चेतनासँग रहन्छ । राजनीतिक संस्कारको सार भनेको कुनै पनि राज्यका आमनागरिकमा रहने तत्कालीन राजनीतिक प्रणाली, राजनीतिक विचार, राजनीतिक सिद्धान्त र चरित्रप्रतिको एकीकृत प्रवृत्ति हो । त्यो प्रवृत्ति निर्माण वा विनिर्माण जुनसुकै हुन सक्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/41863**

## रोल्पामा कक्षा ९ का विद्यार्थीले बनाए बन्दुक

परिवर्तन गाउँपालिका-५ कोरलका कक्षा ९ मा अध्ययनरत विद्यार्थी उमित बुढामगरले बन्दुक बनाएका छन् । बुढामगर परिवर्तन गाउँपालिका-१ कुरेलीको बाल कल्याण मावि उपबाङ्मा अध्यन गर्छन् । १५ वर्षका उनले दुई हप्ता लगाएर एम-१४ नाम दिएर बन्दुक निर्माण गरेका हुन् । स्रोत साधन जुटाउन मुस्किल थियो तर प्रयोगविहीन सामग्रीको प्रयोग गरेर बन्दुक निर्माण गरेको बुढामगरले बताए । चरा धपाउनका लागि बन्दुक निर्माण गरेको उनको भनाइ छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1893664/grade-9-students-in-rolpa-make-guns**

## नेपाली राजनीतिलाई युवा पुस्ताले दिएको नयाँ मोड

यो मोड केही थान पात्रहरूको परिवर्तन मात्र होइन, बरु यो त दशकौंदेखि जकडिएको सामन्ती र यथास्थितिवादी सोच विरुद्धको प्रहार पनि हो । नेपालको राजनीतिक इतिहास परिवर्तन, संघर्ष र जनआन्दोलनहरूको एउटा लामो र बलिदानीपूर्ण यात्राबाट निर्माण भएको छ, जहाँ हरेक कालखण्डका मोडहरूमा युवा शक्तिको भूमिका मेरुदण्डका रूपमा रहेको देखिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1893291/the-new-direction-given-to-nepali-politics-by-the-young-generation**

## रास्वपा अब अराजक छविबाट बाहिर निस्कनुपर्छ : रवि लामिछाने (सम्बोधनसहित)

जनताले दुई तिहाइको बहुमत दिएका छन्, अब केको बाधा ? अब केले अड्काउँछ हामीलाई ? यो पाँच वर्षलाई सामान्य अन्य चुनावहरूमा चुनिएको जस्तो सोच्नुभयो भने त्यसले अप्ठ्यारो परिस्थिति सिर्जना गर्छ । राजनीति यसैगरी चल्छ भनेर कहिँ कतै मानिसहरू त्यही ढंगले दौडधुप पनि मैले गरेको पनि देखिरहेको छु । राजनीति त्यसैगरी चल्नेवाला छैन । कुनै पनि चिज हिजो जस्तो चल्नेवाला छैन। काँचुली फेर्ने हो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/551227/rashtriya-swayamsevak-sangh-rss-must-now-emerge-from-its-chaotic-image-ravi-lamichhane-with-address**

## सैनिक मञ्चमा घोडेजात्राको रौनक, २० तस्बिरमा हेर्नुहोस्

बुधबार सैनिक मञ्च टुँडिखेलमा घोडेजात्रा पर्व मनाइएको छ । राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा एक विशेष समारोहका बिच जात्रा सम्पन्न भएको हो । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्रीहरु, मन्त्रीहरूलगायतको पनि उपस्थिति रहेको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/551257/the-excitement-of-the-horse-race-at-sainik-manch-see-in-20-photos**

## पहिले 'हेर्न मिल्छ' भने, अहिले उनै न्यायाधीशलाई 'अलग गर्नुपर्ने' किन ?

सर्वोच्च अदालतका न्यायाधीश सुनील पोखरेलसहितको इजलासमा विचाराधीन सार्वजनिक सरोकारको एक रिटलाई लिएर 'रिक्युजल' (मुद्दाबाट अलग हुने)सम्बन्धी बहस चर्किएको छ। बहससँगै मिडिया र सार्वजनिक वृत्तमा देखिएको तीव्र टिप्पणीले न्यायिक प्रक्रियामाथि अनावश्यक दबाब सिर्जना भइरहेको हो कि भन्ने प्रश्न पनि उठ्न थालेको छ। न्यायाधीश पोखरेलले विगतमा कानुन व्यवसायीका रूपमा रवि लामिछानेको नागरिकता तथा राहदानीसम्बन्धी मुद्दामा बहस गरेका थिए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190906/2026-03-19**

## सांसदहरूलाई सभापति लामिछानेका निर्देशनै-निर्देशन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जिम्मेवारीबोधका साथ काम गर्न सांसदहरूलाई निर्देशन दिएका छन्। पार्टीले नवनिर्वाचित सांसदहरूलाई आयोजना गरेको दुईदिने अभिमुखीकरणको समापन सत्रलाई बुधबार सम्बोधन गर्दै उनले नेपाली जनताले इतिहासमा कसैलाई नगरेको विश्वास आफूहरूमाथि गरेकाले जिम्मेवारीबोधका साथ कर्तव्य निर्वाह गर्न निर्देशन दिएका हुन्। 'नेतृत्व र जनतासँग ठूलो पर्खाल छ। कैयौँ नेताहरू जनतासँग नजिक हुनै चाहँदैनन्। किनकि उनीहरूलाई आफ्नो मान्छे हो भन्ने नै लाग्दैन। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190908/2026-03-19**

## जय ट्रफीमा ललितको ५० विकेट पूरा

नेपाली राष्ट्रिय टोलीका स्पिनर ललितनारायण राजवंशीले जय ट्रफी क्रिकेट प्रतियोतिगामा ५० विकेट पूरा गरेका छन्। विभागीय टोली नेपाल पुलिस क्लबमा आबद्ध राजवंशी जय ट्रफीमा ५० विकेट लिने पहिलो बलर बनेका हुन्। मूलपानी मैदानमा दोस्रो संस्करणको जय ट्रफी फाइनल खेल चलिरहेको छ। उपाधि भिडन्तमा पुलिस र त्रिभुवन आर्मीले प्रतिस्पर्धा गरिरहेका छन्। तीनदिवसीय फाइनलमा राजवंशीले आर्मीविरुद्ध दोस्रो इनिङमा तीन विकेट लिँदै ५० विकेट पूरा गरेका हुन्। उनले यो सफलता चुम्न समग्रमा १६ इनिङ्स बलिङ गरेका छन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190920/2026-03-19**

## फेवाताल किनार खपौंदीमा सरसफाइ

प्राकृतिक र मानवीय अतिक्रमणको चपेटामा परेको पोखराको पर्यटकीय केन्द्र फेवाताल किनार खपौँदीमा बृहत् सरसफाइ गरिएको छ। चैत ५ बाट पोखरामा हुन लागेको २१ औँ खुला प्याराग्लाइडिङ प्रतियोगितालाई हेरेर सरसफाइ गरिएको हो। सो प्रतियोगिता चैत ७ सम्म सञ्चालन हुने छ। नेपाल हवाई खेलकुद संस्था, वातावरण संरक्षणका लागि महाअभियानलगायतका सङ्घ संस्थाको अगुवाइमा प्याराग्लाइडिङको ल्यान्डिङ जोन क्षेत्र खपौँदीमा सरसफाइ गरिएको हो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फोहोर उठाएर कार्यक्रम शुभारम्भ गर्नुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197087**

## जनविश्वास जोगाउने अवसर

गत फागुन २१ को चुनावपछि जनताले केवल नयाँ अनुहार मात्र खोजेका छैनन्, नयाँ शैली, नयाँ संस्कार र नयाँ परिणामको अपेक्षा गरेका छन् भन्ने स्पष्ट भएको छ। लामो समयदेखि दोहोरिँदै आएको राजनीतिक अस्थिरता, बेरोजगारी, महँगी, सेवा प्रवाहको ढिलासुस्ती, भ्रष्टाचारप्रतिको असन्तोष र युवा बिदेसिने प्रवृत्तिले राज्य र नागरिकबिचको विश्वास कमजोर बनाएको छ। यही पृष्ठभूमिमा जनताले नयाँ बन्ने सरकारलाई ठूलो अवसर र त्यत्तिकै ठूलो परीक्षा दिएको छ। जनता नीतिको होइन, नतिजाको प्रतीक्षामा छन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/197071**

## ‘बालेन सरकार’ को प्रतीक्षा

नेपालको राजनीतिक इतिहासलाई गहिराइमा हेर्दा एउटा दोहोरिने चक्र स्पष्ट देखिन्छ- आन्दोलन, आशा, सत्ता परिवर्तन, अनि बिस्तारै निराशा । जनताले पटक पटक व्यवस्था फेरे, नेतृत्व फेरे, तर शासनको चरित्र भने धेरै हदसम्म उस्तै रह्यो । यही कारणले हरेक नयाँ राजनीतिक क्षणमा जन्मिने आशा समयसँगै कमजोर हुँदै गयो । अहिले फेरि त्यही आशाको नयाँ रूप देखा परेको छ- ‘बालेन सरकार’ । यो केवल एउटा राजनीतिक नारा मात्र होइन, यो नेपाली समाजको मनोविज्ञान, निराशा र आकाङ्क्षाको मिश्रण पनि हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/197068**

## बन्यो धिमाल होमस्टे

मोरङको बेलबारी नगरपालिकाका धिमालको सम्मानमा नगरको वडा नं. १० स्थित  माटीगाउँमा धिमाल जीवित सङ्ग्रहालय र घरबास निर्माण गरिएको छ । होमस्टे सञ्चालनमा आइसकेको छ भने सङ्ग्रहालय निर्माणको चरणमा छ । मोरङ र झापाको तराई क्षेत्रमा मात्र बसोबास गर्दै आएको धिमाल जातिलाई पूर्वका बेलबारीसहित पथरीशनिश्चरे र दमक नगरपालिकाले प्रथम नागरिक घोषणा गरेका छन् । धिमाल समुदायको रीतिरिवाज, परम्परा, वेशभूषा, खानपान र संस्कृति देख्न र हेर्न सकिने गरी धिमाल जीवित सङ्ग्रहालय र धिमाल घरबास नर्माण गरिएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/197061**

## ६ महिनामै पूरा भयो निर्वाचनको कार्यभार

निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनको नतिजाको प्रतिवेदन बिहीबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएसँगै मुलुकले निर्वाचनको कार्यभार पूरा गरेको छ। तोकिएको समयमा निर्वाचन हुन सक्दैन भन्ने कतिपयको तर्क र चुनाव हुन नदिने केही समूहको उद्घोषका बाबजुद २१ फागुनमा शान्तिपूर्ण रूपमा मतदान सकिएको थियो। प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीको अन्तिम नतिजा आएपछि आयोगले प्रतिवेदन राष्ट्रपतिलाई बुझाएको हो।

बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/03/20/the-election-process-was-completed-within-6-months-30-04.html**

## १३ चैतमा बालेन्द्र सरकार, १५ मन्त्रालय बनाउने समझदारी

नवनिर्वाचित सांसदले शपथ लिएको भोलिपल्ट १३ चैतमा रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहले राष्ट्रपतिसमक्ष शपथ लिएर प्रधानमन्त्रीको कार्यभार सम्हाल्ने भएका छन्। रास्वपाका शीर्ष नेताबीच बालेन्द्र सरकारमा बढीमा १५ मन्त्रालय रहने समझदारी बनेको छ। उनीहरूबीच बिहीबार भएको बैठकमा प्रधानमन्त्रीको शपथ र मन्त्रिपरिषद् गठनबारे छलफल भएको हो। सभापति रवि लामिछाने, वरिष्ठ नेता शाह, उपसभापतिद्वय डीपी अर्याल र स्वर्णिम वाग्ले सहभागी बैठकमा प्रधानमन्त्रीको शपथसँगै सरकारका सुरुवाती चरणका प्राथमिकताबारे परामर्श भएको छ।

बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/03/20/balendra-government-to-form-15-ministries-on-chaitra-13-14-44.html**

## 'बालेनलाई प्रधानमन्त्री बनाउन पार्टीको विधान संशोधन गर्नुपर्दैन'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नयाँ सरकार गठनको गृहकार्यमा व्यस्त छ । बालेनलाई प्रधानमन्त्री बनाउने बेला विधान संशोधन गर्न नपर्ने रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले बताएका छन् । उनका अनुसार विधान संशोधन नगरी बरिष्ठ नेता बालेन शाहले १३ गते प्रधानमन्त्री पदको शपथ ग्रहण गर्ने तयारी भइरहेको छ । त्यही दिन सानो आकारको मन्त्रिपरषद पनि गठन गर्ने गृहकार्य भइरको छ । हाल कायम २२ मन्त्रालयलाई घटाएर बढीमा १८ वटा बनाउने प्रयासमा रास्वपा छ ।बाँकी...

स्रोत : https://www.onlinekhabar.com/2026/03/1894429/there-is-no-need-to-amend-the-partys-statute-to-make-balen-the-prime-minister

## सांसद शपथ चैत १२ गते दिउँसो २ बजे, ३ प्रकारका कागजातसहित उपस्थित हुनुपर्ने

नवनिर्वाचित प्रतिनिधि सभा सदस्यहरुको शपथ ग्रहण चैत १२ गते दिउँसो २ बजे हुने भएको छ । संघीय संसद सचिवालयले आज सूचना जारी गरी यो जानकारी दिएको हो । सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार शपथ ग्रहण कार्यक्रम दिउँसो २ बजे निर्माणाधीन संघीय संसद भवनको बहुउद्देश्यीय सभाकक्ष सिंहदरबारमा हुनेछ । शपथ ग्रहणमा आउँदा निर्धारित समयभन्दा दुई घण्टा अगावै आउन भनिएको छ । बाँकी... स्रोत : https://www.onlinekhabar.com/2026/03/1894420/mps-must-be-present-for-the-oath-taking-ceremony-on-chaitra-12-at-2-pm-along-with-3-types-of-documents

## छेवैको कार्यालयबाट फाइल नमगाई सर्वोच्चले भन्यो-'निर्णयको टिप्पणी रहेनछ, फेरि सुनुवाइ गर्नू'

सर्वोच्च अदालतले रास्वपा सभापति रवि लामिछानेसँग सम्बन्धित एक मुद्दामा लगातार तीन दिन सुनुवाइ गरी निर्णय गर्ने बेलामा 'फाइल आइनपुगेको' भन्ने आधार देखाएर सुनुवाइ सारेको छ । महान्यायाधिवक्ता सविता भण्डारी बरालले रास्वपा सभापति रवि लामिछानेविरुद्ध विभिन्न जिल्ला अदालतमा चलिरहेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा संशोधन गर्न स्विकृती दिने निर्णय गरेकी थिइन् । बाँकी...

स्रोत : https://www.onlinekhabar.com/2026/03/1894389/the-supreme-court-without-asking-for-the-file-from-the-nearby-office-said-there-is-no-comment-on-the-decision-we-will-hear-it-again-in-4-days

## विश्व बैंकको प्रतिवेदन भन्छ-नेपालको ठेक्का प्रक्रिया दक्षिण एसियाकै ढिलो, औसतमा २३१ दिन लाग्ने

नेपालमा सरकारी परियोजनाको ठेक्का लाग्न औसतमा दुई सय ३१ कार्य दिन लाग्ने देखिएको छ। यो दक्षिण एसियाकै सबैभन्दा ढिलो खरिद प्रक्रिया हो। विश्व बैंकको नेपाल कार्यालयले हालै सार्वजनिक गरेको 'नेपाल क्यापिटल एक्सपेन्डिचर बोटलनेक एनलाइसिस २०२५' ले नेपालको सार्वजनिक खरिद प्रक्रिया दक्षिण एसियाकै कमजोर र ढिलो देखाएको हो। टेन्डरको सूचना आह्वान गर्नेदेखि ठेकेदार कम्पनी छनोट गर्दासम्म यति समय लाग्ने गरेको हो।बाँकी...

स्रोत : https://www.nayapatrikadaily.com/news-details/190984/2026-03-20

## अधिकारभन्दा कर्तव्यको लडाइँमा जुटौं : मुख्यमन्त्री बानियाँ

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले देशको समृद्धि र सुशासनका लागि कर्तव्यको मुद्दालाई सशख्तरुपमा अघि बढाउन आवश्यक रहेको भन्दै आदिबासी समुदायलाई अधिकारको मुद्दाभन्दा कर्तव्यको मुद्दा बोक्न आव्हान गर्नुभएको छ। नेपाल आदिबासी जनजाति महासंघ (नेफिन) को ११ औं महाधिवेशनको उदघाटनसत्रमा बिहीबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले सो आव्हान गर्नुभएको हो । “आदिबासी जनजातिसहित सबै नेपालीले अब अधिकारको लडाइँभन्दा पनि कर्तव्यको लडाइँ लड्ने बेला आएको छ, मानवताको लागि सबै नेपाली एक हुनुपर्छ, नेपालको समृद्धिका लागि हामी सबै एक हुनुपर्छ” उहाँले भन्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/197166**

## प्रेरक प्रसंग : साधु र ‘गरिब’ राजा

एक साधुले बाटामा एउटा सुनको सिक्का फेला पारे। उनलाई धनको चासो थिएन। त्यसैले, उनका लागि पैसा अर्थहीन थियो। उनी त्यो सिक्का गरिबलाई दिन चाहन्थे। तर, उनले गरिब भेटेनन्। एक दिन एक राजा आफ्नो सेनाको दलबल र हातहतियारसहित छिमेकी राज्यमा आक्रमण गर्न जाँदै थिए। बाटामा ती साधुले राजालाई देखे। उनले राजाको उद्देश्य राम्ररी बुझे। त्यसपछि केहीबेर सोचमग्न भई उनले सिक्का राजाको रथमा पर्ने गरी फ्याँकिदिए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190840/2026-03-18**

## प्रेरक प्रसंग : विष्णुगुप्तलाई महारानीको जवाफ

विष्णु गुप्त चाणक्य कति प्रतिभाशाली थिए, त्यसको लेखाजोखा गर्न कठिन छ। त्यस्तो विलक्षण प्रतिभाका धनी चाणक्य शारीरिक रूपमा भने कुरूप थिए। चन्द्रगुप्त मौर्यलाई एक दिन रमाइलो गर्न मन लागेछ। उनले भने, ‘प्रधानमन्त्रीजी, यदि तपाईं यति गुणवान्का साथै रूपवान् पनि हुनुभएको भए कति मजा हुँदो हो हगि ?’ चाणक्यले चन्द्रगुप्तलाई कुनै जवाफ दिनुभन्दा पहिल्यै महारानीले उनको प्रश्नको जवाफ दिइन्, ‘महाराज, मानिसको रूप त मृगतृष्णा हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190976/2026-03-20**